प्रमुख समाचार

- प्रधानमन्त्रीले भन्नुभएको छ, सारा विश्वले विभिन्न वैश्विक समस्याहरूको समाधानका लागि भारतलाई हेरिरहेछ
- श्री पीयूष गोयलले भन्नुभएको छ, जैविक खेती राम्रो आय र रोजगार सृजना गर्ने शक्तिशाली माध्यम बनेको छ
- सड़क परिवहन तथा राजमार्ग मन्त्रीले भन्नुभएको छ, सरकारको लक्ष्य देशलाई ऊर्जा आयातकबाट ऊर्जा निर्यातक बनाउने हो
- भाजपा अध्यक्षले गर्नुभयो दिल्ली चुनाउ प्रबन्ध समितिको बैठक अनि
- राष्ट्रपति दुई दिवसीय भ्रमणका निम्ति आफ्नो गृह राज्य ओडिशामा

PM Genome India Project

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, सारा विश्वले विभिन्न वैश्विक समस्याहरूको समाधानका लागि भारतलाई हेरिरहेछ। श्री मोदीले आज शाँझ नयाँ दिल्लीमा जीनोमिक्स डेटा कन्क्लेभका लागि एउटा भिडियो सन्देशमा भन्नुभएको छ, जीनोम इण्डिया परियोजनाले देशको जैव प्रौद्योगिकी परिदृश्यलाई परिभाषित गर्दछ। प्रधानमन्त्रीले भन्नुभयो, जैव अर्थव्यवस्थाले सतत विकासलाई आधार दिँदछ अनि विगत दश वर्षमा देशको जैव अर्थव्यवस्थामा महत्त्वपूर्ण वृद्धि भएको छ। उहाँले भन्नुभयो, वर्ष 2014-मा देशको जैव अर्थव्यवस्थाको मूल्य दश अरब डलर थियो, जुन अहिले बढेर एक सय पच्चास अरब डलर भएको छ। श्री मोदीले भन्नुभयो, विगत दश वर्षमा देशमा अनुसन्धान र नवाचारमाथि विशेष ध्यान दिइएको छ। भारतले विश्वमा फार्मा केन्द्रका रूपमा एउटा विशेष पहिचान आर्जन गरेको छ। उहाँले भन्नुभयो, करोड़ों मानिसहरूलाई निःशुल्क उपचार उपलब्ध गराइँदैछ अनि स्वास्थ्यको आधारभूत पूर्वाधार सुदृढ़ हुँदैछ।

---------------------------------------X---------------------------------------

Goyal-Organic Farming

केन्द्रिय वाणिज्य तथा उद्योग मन्त्री श्री पीयूष गोयलले भन्नुभएको छ, जैविक खेती राम्रो आय र रोजगार सृजना गर्ने शक्तिशाली माध्यम बनेको छ। श्री गोयलले आज नयाँ दिल्लीमा राष्ट्रिय जैविक उत्पाद कार्यक्रमको आठौं संस्करणको उदघाटन गर्दै भन्नुभयो, जैविक खेतीबाट कृषकहरूको आयमा वृद्धि भएको छ। केन्द्रिय मन्त्रीले भन्नुभयो, अहिले जैविक उत्पादको निर्यात छह हजार करोड रूपियाँ छ, जुन आगामी तीन वर्षमा बीस हजार करोड़ रूपियाँ हुने सम्भावना छ।

---------------------------------------X---------------------------------------

MP - Nitin Gadkari

केन्द्रिय सड़क परिवहन तथा राजमार्ग मन्त्री श्री नितिन गडकरीले भन्नुभएको छ, सरकारको लक्ष्य देशलाई ऊर्जा आयातकबाट ऊर्जा निर्यातकका रुपमा परिवर्तन गर्नु हो। मध्य प्रदेशको पीथमपुरमा राष्ट्रिय मोटर वाहन परीक्षण ट्याकमा आयोजित कार्यक्रममा उहाँले भन्नुभयो, भारतले लगातार वैकल्पिक ऊर्जा स्रोतहरूलाई प्राथमिकता दिइरहेछ। श्री गडकरीले हाइड्रोजनलाई भविष्यको ईन्धन बताउँदै भन्नुभयो, सरकार र धेरै अटोमोबाइल कम्पनीहरू यस दिशामा काम गरिरहेछन्। उहाँले देशको आर्थिक वृद्धिमा अटोमोबाइल उद्योगको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, यस क्षेत्रबाट अहिलेसम्ममा चार करोड़ पच्चास लाखभन्दा अधिक रोजगारको सृजना भएको छ।

---------------------------------------X---------------------------------------

Delhi-Election

भारतीय जनता पार्टी अध्यक्ष श्री जगत प्रकाश नड्डाले आज पार्टीको दिल्ली चुनाउ प्रबन्धन् समितिको एउटा बैठक गर्नुभयो। राष्ट्रिय राजधानीमा आयोजित यो बैठक विधानसभा चुनामा पार्टीको रणनीति तय गर्नका लागि डाकिएको थियो। बैठकमा भारतीय जनता पार्टीका दिल्ली प्रदेश अध्यक्ष श्री वीरेन्द्र सचदेवा, पार्टी प्रभारी श्री बैजयन्त जय पाण्डा तथा पार्टीका अन्य वरिष्ठ नेता उपस्थित थिए।

बैठकपछि श्री सचदेवाले भन्नुभयो, श्री नड्डाले चुनाउ तयारीको आकलन गर्नका साथै सुझाउ दिनुभयो। भाजपा नेताले आम आदमी पार्टीमाथि दिल्लीमा अवैध मतदाताहरूको पञ्जीकरण गर्ने प्रयास गरेको आरोप लगाउनुभयो।

यसैबीच, आम आदमी पार्टीका नेता श्री अरविन्द केजरीवालले आज नयाँ दिल्लीमा निर्वाचन आयोगसित भेट गर्नुभयो। उहाँले आरोप लगाउँदै भन्नुभयो, दोस्रो राज्यहरूबाट दिल्लीमा मानिसहरूलाई ल्याएर फर्जी मतदाता बनाइँदैछ। श्री केजरीवालले आफूले आयोगलाई विगत पन्द्र दिनमा तेह्र हजार आवेदन जोड़िएको अवगत गराएको पनि बताउनुभयो। उहाँले भन्नुभयो, नयाँ दिल्ली विधानसभा क्षेत्रबाट भाजपा उम्मेदवार श्री प्रवेश वर्माले रोजगार शिविरको आयोजना गर्दै खुलेआम पैसा बाटिरहनुभएको छ।

---------------------------------------X---------------------------------------

Delhi-Kejriwal Reservation

अर्कातिर, आम आदमी पार्टीका राष्ट्रिय संयोजक श्री केजरीवालले प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई पत्र लेखेर दिल्लीको जाट समाजलाई केन्द्र सरकारसित अन्य पछौटे वर्ग (OBC)-को सूचीमा शामेल गर्ने माग गर्नुभएको छ। उहाँले भन्नुभएको छ, दिल्लीको जाट समाजलाई पनि केन्द्रिय संस्थानहरूमा आरक्षणको लाभ प्राप्त हुनुपर्छ।

सोहीक्रममा, भाजपाले श्री अरविन्द केजरीवालमाथि जातिको आधारमा मानिसहरूसित भेदभाव गरेको आरोप लगाएको छ। नयाँ दिल्ली विधानसभा क्षेत्रबाट पार्टी उम्मेदवार श्री प्रवेश वर्माले पत्रकारहरूसित कुराकानी गर्दै विगत एघार वर्षमा आम आदमी पार्टीको सरकारले दिल्ली देहातका लागि केही नगरेको आरोप लगाउनुभयो।

---------------------------------------X---------------------------------------

Odisha - NRI Day

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु आफ्नो गृह राज्य ओडिशाको दुई दिवसीय यात्रामा आज शाँझ भुवनेश्वर पुग्नुभयो। बीजू पटनायक अन्तरराष्ट्रिय विमानास्थलमा राष्ट्रपतिलाई ओडिशाका राज्यपाल श्री हरि बाबू कम्भमपति, मुख्यमन्त्री श्री मोहन चरण माझी र अन्य वरिष्ठ नेताहरूले स्वागत गर्नुभयो।

राष्ट्रपति भोली अठारौं प्रवासी भारतीय दिवस सम्मेलनको समापन समारोहमा शामेल हुनुहुनेछ। भारत सरकार र ओडिशा सरकारद्वारा संयुक्त रूपमा आयोजित यस सम्मेलनमा लगभग पचहतरवटा देशबाट लगभग छह हजार प्रवासी भारतीयले भाग लिइरहेछन्। राष्ट्रपतिले विभिन्न क्षेत्रमा उत्कृष्टताका लागि भारतीय प्रवासीहरूहरूका सत्रवटा प्रतिष्ठित सदस्यहरूलाई प्रवासी भारतीय सम्मान पुरस्कार पनि प्रदान गर्नुहुनेछ।

---------------------------------------X---------------------------------------

Tamilnadu UGC

तमिलनाडु विधानसभाले आज विश्वविद्यालय अनुदान आयोग (UGC)-ले विश्वविद्यालयहरूमा कुलपतीहरूको नियुक्तिको सम्बन्धमा नयाँ नियमहरू फिर्ता लिनुपर्ने मांग गर्दै एउटा प्रस्ताव पारित गरेको छ। यसले कुलाधिपतीहरू अथवा अगन्तुकहरूलाई कुलपतीहरूको नियुक्तिका लागि तीन सदस्यीय खोजी एवं चयन समिति गठन गर्ने अधिराक दिँदछ।

मुख्यमन्त्री श्री MK स्टालिनले यसलाई लोकतान्त्रिक सिद्धान्त र राज्यको अधिकारको उल्लंघन बताउनुभयो। विधानसभामा भाजपा विधायक दलका नेता श्री नैनार नागेन्द्रनले यस मामिलामा राज्य सरकारको प्रस्तावको विरोध गर्नुभयो। उहाँले भन्नुभयो, राज्यसित यसमाथि प्रतिक्रिया दिनका लागि अहिले समय छ। उहाँले भन्नुभयो, राज्य भाजपाले यस सम्बन्धमा आफ्नो मुद्दाबारे केन्द्रलाई अवगत गराउनेछ। यसपछि भाजपा सदस्यहरूले विधानसभाबाट वाकआउट गरे। पछि AIADMK र PMK-सहित विपक्षी दलहरूको समर्थनमा प्रस्तावलाई पारित गरियो।

---------------------------------------X---------------------------------------

Mizoram - Tribal Affairs

केन्द्रिय जनजातीय कार्य राज्य मन्त्री श्री दुर्गादास उइकेले भन्नुभएको छ, सरकार पूर्वोत्तर राज्यहरूको विकास र प्रगतिका लागि प्रतिबद्ध छ। मिजोरमको आइजोलमा संवाददाताहरूसित कुराकानी गर्दै श्री उइकेले भन्नुभयो, सरकार जनजातीय समुदायको समग्र विकासका लागि प्रतिबद्ध छ। उहाँले देश भरिमा एकलव्य मोडल आवासीय विद्यालयहरूको स्थापना गरेर आदिवासी विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरिँदै गरेको पनि जानकारी गराउनुभयो।

---------------------------------------X---------------------------------------

Republic Day Guest

गणतन्त्र दिवस परेडको अवसरमा यस वर्ष लगभग दश हजारजना विशेष अतिथिहरूलाई आमन्त्रित गरिएको छ। यसमा पञ्चायत, आपदा राहत कार्यकर्ता, सर्वश्रेष्ठ प्रदर्शन गर्ने जल योद्धा, हथकरघा र हस्तशिल्प कारीगर, मन की बात प्रतिभागी, माई भारत स्वयं सेवक, पूर्वोत्तर राज्यका अतिथि र सर्वश्रेष्ठ स्टार्ट-अप शामेल छन्। रक्षा मन्त्रालयले भनेको छ, आमन्त्रित अतिथिहरूमध्ये केहीले स्वयं सहायता समूहको माध्यमबाट रोजगार सृजना सुनिश्चित गर्न अनुकरणीय कार्य गरिरहेछन्।

प्यारा-ओलम्पिक दलका सदस्य, चेस ओलम्पियाड पदक विजेता, ब्रिज वर्ल्ड गेम्स रजत पदक विजेता र स्नूकर विश्व च्याम्पियनशिप स्वर्ण पदक विजेताहरूलाई पनि विशेष अतिथिका रूपमा आमन्त्रित गरिएको छ। यी अतिथिहरूले राष्ट्रिय युद्ध स्मारक, प्रधानमन्त्री संग्रहालय र दिल्लीका अन्य प्रमुख स्थानहरूको भ्रमण गर्नेछन्।

---------------------------------------X---------------------------------------

Chhattisgarh-Maoists

छत्तीसगढ़को सुक्मा जिल्लामा आज सुरक्षा बल र माओवादीहरूबीच झड़प भयो। हाम्रा संवाददाताकाअनुसार झड़प सुक्मा र बीजापुर जिल्लाको सीमास्थित जंगलमा सुरक्षाकर्मीहरूको एउटा संयुक्त टोली नक्सल विरोधी अभियानमा निस्किएको समयमा शुरू भयो। सूत्रकाअनुसार झड़पमा तीनजना माओवादी मारिए। यस अभियानमा जिल्ला रिजर्व गार्ड, विशेष कार्य बल र कोबरा टोलीका जवान शामेल छन्। अन्तिम रिपोर्ट प्राप्त हुँदासम्म झड़प जारी थियो।

---------------------------------------X---------------------------------------

Tamil Nadu-Fishermen Arrested

तमिलनाडुमा आज नागपट्टिनम र कराइकलका दशजना जालहारीहरूलाई श्रीलंकाई नौसेनाले अन्तरराष्ट्रिय जलक्षेत्रमा अवैध प्रवेशको आरोपमा पक्राउ गऱ्यो। जालहारीहरूलाई पछि सोधपूछका लागि श्रीलंकाको कांकेसंथुराई पोर्टमा नौसेनाको शिविरमा लगियो।

---------------------------------------X---------------------------------------

Mumbai - US Ambassador

भारतमा अमेरीकाका राजदूत श्री एरिक गार्सेटीले भन्नुभएको छ, आतंकवाद विरूद्ध लड़ाईमा भारत र अमेरीका एकजुट छन्। मुम्बईमा आज एउटा सम्मेलनलाई सम्बोधन गर्दै उहाँले अपराधीहरूलाई न्यायको कटघरामा ल्याउन दुवै देशबीच सहयोग बढ़ाउनमाथि सन्तोष व्यक्त गर्नुभयो। उहाँले वैश्विक शान्तिका लागि कूटनीति र आपसी सहयोगको महत्त्वमाथि जोड़ दिनुभयो। श्री गार्सेटीले भन्नुभयो, भारत मध्यपूर्व यूरोप आर्थिक करिडोरले यसमा महत्त्वपूर्ण भूमिका निभाउन सक्छ।

---------------------------------------X---------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- प्रधानमन्त्रीले भन्नुभएको छ, सारा विश्वले विभिन्न वैश्विक समस्याहरूको समाधानका लागि भारतलाई हेरिरहेछ
- श्री पीयूष गोयलले भन्नुभएको छ, जैविक खेती राम्रो आय र रोजगार सृजना गर्ने शक्तिशाली माध्यम बनेको छ
- सड़क परिवहन तथा राजमार्ग मन्त्रीले भन्नुभएको छ, सरकारको लक्ष्य देशलाई ऊर्जा आयातकबाट ऊर्जा निर्यातक बनाउने हो
- भाजपा अध्यक्षले गर्नुभयो दिल्ली चुनाउ प्रबन्ध समितिको बैठक अनि
- राष्ट्रपति दुई दिवसीय भ्रमणका निम्ति आफ्नो गृह राज्य ओडिशामा